पत्र संख्या : २०८०/८१ मिति: २०८०-६-५

च.नं. : ५२

विषय: लिखित प्रतिनिधित्व पत्र ।

श्री महालेखापरीक्षकको कार्यालय,
लेखापरीक्षण डोर मुकाम,

यस कार्यालयको आर्थिक वर्ष २०७९/८०को वित्तीय कारोबारहरूको लेखापरीक्षण गर्न र ती वित्तीय विवरणहरूउपर राय उपलब्ध गराउन तपाई तोकिनुभएको ज्ञात भयो । त्यस कार्यको सिलसिलामा यस कार्यालयको कारोबारसम्बन्धी लिखित प्रतिनिधित्व पत्र यसैसाथ संलग्न गरी पेश गरेका छौं । प्रचलित कानुन तथा लेखा प्रणालीले तोकेअनुसारको ढाँचामा आर्थिक विवरण पेश गर्ने हाम्रो उत्तरदायित्व र सो विवरणउपर परीक्षण गरी राय दिनु तहाँको उत्तरदायित्व भएको हामीलाई जानकारी छ ।

तपाईलाई मिति २०८०-६-५ को पत्रसाथ उपलब्ध गराइएको आर्थिक विवरणहरू एवं निम्नानुसारको व्यहोराबाट खुलासा हुने व्यहोरा अनुरोध गरिन्छ ।

१. आर्थिक कारोबार तथा आन्तरिक नियन्त्रण व्यवस्थापन कार्यमा संलग्न कर्मचारीबाट आर्थिक विवरणको सारभूत पक्षमा असर पर्ने गरी कुनै अनियमित कार्य भएको छैन,

२. आर्थिक कारोबारको पर्याप्त पुष्ट्याईको लागि आवश्यक प्रमाण, आदेश, निर्णयलगायतका सान्दर्भिक कागजातहरू लेखासाथ संलग्न छन्,

३. संलग्न आर्थिक विवरणमा उल्लेख भए बाहेक अन्य कारोबार यस कार्यालयबाट सञ्चालित छैन,

४. कार्यालयको आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरिएको छ । सरकारी नगदी जिन्सी जिम्मा लिने, कारोबारमा संलग्न हुने वा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने जिम्मेवारीमा रहेको कुनै व्यक्तिबाट जानाजानी वा बदनियतपूर्वक कुनै काम कारबाही भएको छैन । त्यस्तो कुनै काम कारबाही भएको अवस्थाबारे लेखापरीक्षकलाई उपयुक्त समय र माध्यमबाट जानकारी गराइएको छ ।

५. आर्थिक विवरणमा समावेश भएका सम्पत्तिको स्वामित्व कार्यालयमा विवादरहित रुपमा रहेको छ,

६. कार्यालयका आर्थिक विवरणहरू कानुनले तोकेबमोजिम सत्य तथ्य कुराहरूमा आधारित छन् र गलत आँकडाहरू समावेश गरिएको छैन,

७. आर्थिक विवरणको अवधि पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,

८. लेखापरीक्षणबाट उठेका टिप्पणीउपर तत्काल आवश्यक कारबाही गरी आर्थिक कारोबार स्वच्छ, स्वस्थ राख्न कार्यालय प्रतिबद्ध छ,

९. कार्यालयका प्रमुख र लेखा प्रमुखको जिम्मेवारी र जवाफदेहिताको अवधिसहितको विवरण पेश गरिएको छ,

१०. कारोबारका सम्बन्धमा कुनै मुद्दा मामिला भएको तथा स्रेस्ता कागजात अन्यत्र लगिएको छैन,

११. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ मा तोकिएको अवधिभित्र बेरुजू फस्यौंट गरी सम्परीक्षणको लागि अनुरोध गरिनेछ ।

आर्थिक प्रशासन/लेखा
प्रमुख

मन्त्रालय/विभागीय/कार्यालय
प्रमुख
डा. बिनोद बहादुर खड्कायत
कार्यालय प्रमुख